प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २३२ ॥ २०८२ असोज २७ गते सोमबार (13th Oct 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-


# सुन तस्करीको आरोपमा पूर्वसभामुख महरा पक्राउ

झापा(प्रस) । सुन तस्करीका आरोपित पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले आइतबार पक्राउ गरेको हो । गत वर्षको ९ चैतमा जिल्ला सरकारी वकिलको कार्यालयले स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर आरोपित महरालाई अनुसन्धानका लागि बोलाएका बेला उपस्थित हुने गरी छोराको जिम्मा लगाइएको थियो ।चिनियाँ संगठित गिरोहसँग मिलेर सुन तस्करी गरेको आरोप लागेका पूर्वसभामुख महरामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । विद्युतीय चुरोट (भेप)मा लुकाएर ३ वर्षअघि सुन तस्करी गराएको प्रकरणमा प्रहरी र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट सिलसिलेवार रुपमा उन्मुक्ति पाएका महरामाथि अख्तियारले अनुसन्धान अघि बढाएको हो । महरासँग सुन तस्करी प्रकरणमा अख्तियारले बिहीबार टंगालस्थित कार्यालयमा बोलाएर बयान लिएको थियो ।



भेपमा लुकाएर सुन तस्करी गराएको आरोपमा महरा २०७९ मै अनुसन्धानमा तानिएका थिए । तर, सत्ता-शक्ति आडमा उनीमाथि मुद्दा चलेको थिएन ।

अनुसन्धान र अभियोजनमा संलग्न स्रोतका अनुसार कृष्णबहादुरको छोरा निर्मलका नाममा रहेको मोबाइलबाट तस्करीमा संलग्न हाल फरार चिनियाँ नागरिक लुई हानसोङसँग ११ पटक सम्पर्क भएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले किटान गरेर प्रतिवेदन तयार पारिसकेको छ । सुन तस्कर दाओजिन वाङले पनि महरालाई ११ पटक फोन सम्पर्क गरेका थिए । त्यही बेला महराको अर्का छोरा राहुलसँग २८ पटक फोन सम्पर्क भएको देखिन्छ । ८ करोड ५५ लाखको सुन तस्करी तथा बेचबिखनमा महरा बाबु-छोरा संलग्न भएको भनेर प्रहरीको सीआईबीको प्रतिवेदनमा टेलिफोन नम्बरसहित किटान गरिएको छ ।

# मन्त्री घिसिङद्वारा झापा गाउँपालिकाको निरीक्षण

झापा(प्रस)। भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिंचाइ, सहरी विकास मन्त्री कुलमान घिसिङले बाढी प्रभावित झापा गाउँपालिकाको निरीक्षण गरेका छन् । असोज १८ र १९ गते परेको अबिरल बर्षाका कारण आएको बाढीले भत्काएको झापा गाउँपालिका -२ स्थित हुलाकी राजमार्गअन्तर्गतको सानो माई खोलाको पुल र १२/१३ वर्षदेखि वन्दै अलपत्र परेको निर्माणाधीन कन्काई नदीको पुलको उनले निरीक्षण गरेका हुन् । मन्त्री घिसिङसँगै गृह सचिव रामेश्वर दंगाल, इन्जिनियर दिनेशप्रसाद भट्ट लगायत ८ सदस्यीय टोली रहेको थियो ।



मन्त्री घिसिङले भत्केको पुल पुनःनिर्माण वा नयाँ बनाउनु पर्ने बताए । उनले कन्काई नदीको निर्माणाधीन पुलको निर्माणको बिषयमा चाँडै निर्णय लिने जानकारी दिए । त्यस्तै झापाका चिया उद्योगीले मन्त्री घिसिङसंग भेटघाट गरी चिया क्षेत्रका समस्याबारे ध्यानाकर्षण गराएका छन् ।

मन्त्री घिसिङसंग भद्रपुरस्थित एयरपोर्ट होटलमा भेटघाट गरी उद्योगीले आफ्ना समस्याहरुबारे अवगत गराएका हुन् । सरकारले दिने निर्यात प्रोत्साहन (इन्सेन्टिभ) रकमको निरन्तरता, चियामा मलखाद्को समयमै व्यवस्थापन, विद्युत महसुलमा अनुदान, चिया खेती भएका जग्गाको मालपोत छुट, चिया खेतीका जग्गा अन्य प्रयोजनमा पनि उपयोग गर्न पाउनुपर्ने लगायतका विषयमा मन्त्री घिसिङको ध्यानाकर्षण गराइएको थियो । चिया उद्योगमा प्रयोग हुने कोइलाको विकल्प लगायतका विषयमा समेत छलफल भएको थियो

नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीले चिया क्षेत्रका समस्याबारे अवगत गराएका थिए । त्यस क्रममा उद्योगी टीकाराज ढकाल र दीपेश ढकालले समेत उद्योगका समस्याबारे जानकारी गराउँदै रुग्ण बनेको मोमेन्टो उद्योगका बारेमा पनि ध्यानाकर्षण गराएका थिए । मन्त्री घिसिङले यस्ता समस्याहरुबारे आफूले अध्ययन गरिरहेको र समाधानको पहल गर्ने बताए ।

त्यस्तै अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष महेन्द्र चम्लागाँईंले नेपाल सरकारले कानूनी झन्झट हटाइ आवश्यक पहल गर्ने हो भने कतारबाट पर्याप्त मल ल्याउन सकिने बताए । मन्त्री घिसिङले त्यसबारे पनि चासो राखे । चम्लागाँईं नेपाली व्यवसायी संघ कतारका समेत अध्यक्ष हुन् । त्यसक्रममा समाजका महासचिव चिरन खवास र सहकोषाध्यक्ष रबिन गिरी, झापाका प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारी, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, व्यवसायी प्रेम चम्लागाईं लगायतको सहभागिता थियो ।

अन्तर्राष्ट्रिय झापाली समाजको टोलीले भद्रपुरमा मन्त्री घिसिङसंग भेटघाट गरेको थियो । उनी आइतवार बिहान काठमाण्डौं फर्किएका छन् । शनिवार चन्द्रगढी विमानस्थलमा अवतरण गरी उनी पहिरो प्रभावित इलाम गएका थिए ।

# पशुपालनबाट मनग्ये आम्दानी गर्दै मेचीनगरका तिम्सिना परिवार

• **लक्ष्मी उप्रेती**

मेचीनगर। झापाको मेचीनगर नगरपालिका-७ सिद्धार्थ टोलका ४६ वर्षीय कृषक हाकिमप्रसाद तिम्सिनाले बाख्रापालनबाट मनग्ये आम्दानी गर्दै आएका छन् । विगत केही वर्षदेखि बाख्रापालन व्यवसाय सुरु गरेका तिम्सिनाले बाख्रापालनबाट भएको आम्दानीले घर खर्च चलाउँदै आएका छन् । पाँच लाख रुपैयाँ लगानी गरेर २०७९ बाट बाख्रापालन शुरू गरेको यो



व्यवसायमा अहिले १५ लाख लगानी पुगेको उनले बताए ।

उनले बाख्रापालनबाट सवै खर्च कटाएर वार्षिक करिब डेढ लाख रुपैयाँ आम्दानी गर्दै आएका छन् । कविता कृषि तथा पशु फार्म दर्ता गरेर बाख्रापालन गरेका तिम्सिनाका फार्ममा अहिले बोयर तथा जापानिज जातका जम्मा ४२ वटा खसी बाख्रा छन् । त्यसमा १७ वटा खसी छन् । यो दशैमा मात्र उनले मासुका लागि तीन लाख रुपैयाँका खसी विक्री गरेको सुनाए । अहिले पनि उनको फार्ममा १५ देखि १८ केजीसम्मका खसी छन् । छ माउँ बाख्रा ब्याउने छन् ।

साना ठूलागरी कुखुरा ५५ वटा लोकल कुखुरा छन् । मासु र अण्डाका लागि ती कुखुरा पालेको उनले बताए

बाख्रासहित गाई, र कुखुरासमेत पालेर स्वदेशमै बसेर कृषि फार्म सञ्चालन गरेका उनले केहीलाई रोजगारीसमेत प्रदान गरेका छन् । स्थानीय दुईजनालाई स्वरोजगारी दिएका तिम्सिनालाई बाख्रापालनका लागि श्रीमती, छोरासहित परिवारका अन्य सदस्यहरुले सघाउँदै आएका छन् । रोजगारीमा रहेका दुईजनालाई उनले जनही मासिक २० हजार रुपैयाँ तलव दिने गरेका छन् । तिम्सिनाको विहानको झिसमिसे उज्यालोबाटै दैनिकी शुरु हुन्छ । उनी हरेक दिन विहान ४ बजे उठेर गाई बाख्रालाई खोले बसाउँछन्, त्यसपछि थलो सरसफाइ गरेर गाई दुहुने, बाख्राको दानापानी, घाँसको व्यवस्थापनमा पुग्दा विहानको ११ बज्छ । त्यस काममा ५० वर्षीया श्रीमती कविता तिम्सिनाले पनि सघाउँछिन् ।

'जहाँ गए पनि केही न केही गर्नुपर्दछ, त्यो भन्दा आफ्नै गाउँमा नै बाख्रा र कृषि गर्छु भन्ने सोचसहित व्यवसाय सुरु गरेको हुँ', उनले भने – 'योसँगै गाई र कुखुरा समेत पालेको छु । ' अहिले तीन माउँ जर्सी गाई रहेको दैनिक १५ लिटर दुध घरबाटै विक्री गर्ने गरेको उनले बताए । प्रतिलिटर ६० रुपैयाँका दरले दुध विक्री गर्ने गरेको उनको भनाई छ । उनका अनुसार आफूमात्र होइन, पछिल्लो समय किसानहरू पशुपालनमा आकर्षित भइरहेका छन् । सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा किसानहरूलाई अनुदान र प्राविधिक सहयोग उपलब्ध गराएपछि पशुपालनमा किसानको आकर्षण बढ्दै गएको तिम्सिनाको भनाई छ । विशेष गरी झापामा बाख्रापालन गर्न किसानहरू व्यावसायीक रूपमै लागेको उनले बताए ।

परिवारको साथ सहयोग र लगातारको निरन्तर प्रयासले बाख्रा, गाई र कुखुरापालनबाटै घरखर्च चलेको उनको भनाइ छ । 'घरमा खाली बस्नु परेको छैन आम्दानीको स्रोत पनि बनेको छ', उनले थपे, 'काममा मिहिनेत र परिश्रम गरे पैसा कमाउन विदेश जानुपर्दैन ।' उनले बाख्रा तथा गाईका लागि आवश्यक पर्ने घाँसका लागि स्थानीय शान्ता कट्वालसँग १५ कठ्ठा जग्गा भाडामा लिएर घाँसखेती गरिरहेको बताए ।


भाडावापत् वार्षिक १० हजार रुपैयाँ कट्वाललाई बुझाउनु पर्छ । उक्त जमिनमा कोदो, घन्सी, टिसेन्टी जातका घाँस लगाएका छन् । कृषक तिम्सिनाले बाख्रा, गाई र कुखुरापालनबाट खर्च कटाएर मासिक दुई लाख रुपैयाँबढी आम्दानी गर्दै आएका छन् । 'बाख्रा बिक्रीका लागि बजारको समस्या छैन, घरमै आएर मासु व्यवसायीहरुले खसी किन्ने गरेका छन् । खर्च कटाएर बचेको पैसाले घर खर्च चल्दै आएको छ । ' उनले भने ।

मेचीनगर नगरपालिकाले व्यावसायिक रुपमा पशुपालन तथा कृषि गरिरहेका कृषकलाई प्रोत्साहनका लागि अनुदान दिने व्यवस्था मिलाएको छ। 'व्यावसायिकरुपमा पशुपालन गरिरहेका कृषकलाई पशुपालनमै टिकाइराख्न अनुदान नीति नगरसभाबाट पारित भएर बजेट विनियोजन भइसकेको छ', नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेतीले भनिन् ।

कृषि पेशाका लागि उनले जीवन विकास लघुवित्तबाट सात लाख रुपैयाँ ऋण लिए । यहि व्यवसायबाट प्राप्त आम्दानीले त्यसको साहुँ व्याज समयमै बुझाँउदैं अहिले घटाएर निक्कै कम पारेको सुनाए । युवा जनशक्तिलाई कृषि पेशामा लाग्न

❖ बाँकी तेस्रो पृष्ठमा

# इप्रका दमकबाट लुटिएको अर्को हतियार भेटियो



झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको अर्को हतियार फेला परेको छ ।

आइतवार बिहान अन्दाजी ७:३० बजे दमक -५ धनेश्वर मन्दिरको पूर्वपट्टीको गेटनजिक जेनजी आन्दोलनका बेला लुटिएकामध्ये .३०३ मार्क ३ राईफल एक थान फेला परेको हो । सो बन्दुक बेवारिसे अवस्थामा स्थानीयबासीले देखेर प्रहरीलाई खबर गरेका थिए । उक्त हतियार इप्रका दमक ल्याई राखिएको छ ।

इप्रका दमकबाटै लुटिएको एसएलआरको ५५ राउण्ड गोली दुई दिनअघि कमलमा फेला परेको थियो ।कमल गाउँपालिका वडा नं.-७ रंगपुर बस्ने ५५ वर्षीय गंगाप्रसाद पाण्डेले केराको पात काट्ने क्रममा आफ्नो खेतबारीमा सेतो बोरामा एसएलआरको गोली ७.६२ एमएम ५५ राउण्ड भेटेका थिए । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीबाट लुटिएका २४ थान हतियार , ५६९० वटा गोली र १८० सेल अश्रुग्यास गायव भएको थियो । त्यसमध्ये एउटा हतियार र ५५ राउण्ड गोली मात्र भेटिएको हो । अरु हतियार आन्दोलनकारीहरुसंगै रहेको छ । सरकारले असोज मसान्तभित्र हतियार फिर्ता गर्न भनेपनि फिर्ता भएको छैन ।

यसअघि मानवअधिकारवादीहरुको रोहवरमा आन्दोलनकारीहरुले फिर्ता गरेको ८५ थान हतियार चारआलीस्थित अरिदमन गणले प्रहरीलाई जिम्मा लगाएको थियो ।

# आइजीपी खापुङबाट क्षतिग्रस्त प्रहरी कार्यालयको अवलोकन



झापा(प्रस) । प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले जेनजी आन्दोलनमा क्षतिग्रस्त भएका झापाका प्रहरी कार्यालयहरुको अवलोकन गरेका छन् ।

उनले बिर्तामोडस्थित इलाका प्रहरी कार्यालय ,जिल्ला ट्राफिक प्रहरी कार्यालय र दमकको इलाका प्रहरी कार्यालयको अवलोकन गरेका हुन् । पहिरो प्रभावित इलामबाट फर्किदा उनले ती प्रहरी कार्यालयहरुमा पुगेर हेरेका हुन् । जेनजी आन्दोलनका क्रममा घुसपैठ गरेको अराजक समूहले प्रहरी कार्यालयहरु आगजनी गरेको थियो । समुदायस्तरबाट पुनर्निर्मित बिर्तामोडका कार्यालयहरुको अवलोकन गर्दै प्रहरी महानिरीक्षक खापुङले यहाँका सचेत नागरिकको योगदानको प्रशंसा गरे । अवलोकनका क्रममा खापुङले मातहतका प्रहरीलाई उच्च मनोवल बनाएर काम गर्न निर्देशन दिए । सो क्रममा कार्यालय पुनर्निर्माणमा अगुवाई गर्ने पदम श्रेष्ठले समुदायस्तरबाट भएको काम कारबाहीका बारेमा जानकारी गराएका थिए ।

इलाका प्रहरी कार्यालय दमकको अवलोकनका बेला कोशी प्रदेश सभा सदस्य होमवहादुर थापा, दमक नगरपालिकाकी उपमेयर रेगिना भट्टराई प्रसाई, नेकपा एमालेका झापा जिल्ला इन्चार्ज रोम ओली, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो । इप्रका दमकको अवलोकनपश्चात् प्रहरी महानिरीक्षक खापुङ तेह्रथुम जिल्लातर्फ प्रस्थान गरेका छन् ।

# बेलायतमा नेपाली सेनालाई स्वर्ण पदक

झापा(प्रस) । नेपाली सेनाको टोलीले संयुक्त अधिराज्य (बेलायत) को वेल्स, ब्रेकनमा असोज २३ देखि २५ गतेसम्म सञ्चालन भएको 'एक्सर्साइज क्याम्ब्रियन पेट्रोल २०२५' मा सर्वोत्कृष्ट अङ्क हासिल गर्दै स्वर्ण पदक प्राप्त गरेको छ।

अन्तर्राष्ट्रिय स्तरको यस अभ्यासमा संयुक्त अधिराज्य बेलायतसहित ३३ राष्ट्रका ११७ वटा टोलीहरूको सहभागिता रहेको थियो। सन् १९६०



बाट वार्षिक रूपमा सञ्चालन हुँदै आएको यस प्रतियोगितामा नेपाली सेनाले सन् २०१४ देखि भाग लिँदै आएको छ। प्रतियोगितामा सहभागी टोलीले दुई दिनभित्र हतियार तथा करिब ५० पाउण्ड तौल बराबरको उपकरण र बन्दोबस्ती सामग्रीसहित ५० किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ। यस अभ्यासमा टोलीको विभिन्न तयारी, खबर सङ्कलन, घाइते-बिरामीको व्यवस्थापन लगायतका दक्षताहरूको परीक्षण गरिन्छ।

यससँगै नेपाली सेनाले उक्त प्रतियोगितामा यसअघि सन् २०१७, २०१९ र २०२४ मा समेत स्वर्ण पदक प्राप्त गरिसकेको छ। यो नेपाली सेनाले प्राप्त गरेको चौथो स्वर्ण पदक हो।

# काउन्सिलले अनुभूति दिलाउने गरी काम गरोस् : मन्त्री खरेल



झापा(प्रस) । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अधिकार सम्पन्न र स्वायत्त निकायका रुपमा आम जनतालाई अनुभूति दिलाउने गरी काम गर्न प्रेस काउन्सिल नेपालका पदाधिकारीलाई सुझाव दिएका छन् ।
प्रेस काउन्सिल नेपालद्वारा आइतवार मन्त्री खरेलको सम्मानमा आयोजित स्वागत कार्यक्रममा उनले आमनिर्वाचन आउँदै गरेको तथा राजनीतिक दलका गतिविधि बढिरहेका बेला काउन्सिललाई परिणाममुखी काम गर्न आग्रह गरे ।

उनले नागरि कस्तरबाट सञ्चालन भएका व्यक्तिगत सामाजिक सञ्जाल राज्यका निकायले अनुगमन र नियमन गरी कारबाहीको दायरामा ल्याउने विषयमा काउन्सिल गम्भीर बन्नुपर्ने बताए । मन्त्री खरेलले मुलुकमा दर्ता भई प्रेस काउन्सिलमा सूचीकृत हुने सञ्चार माध्यमको जिम्मा राज्यले लिनुपर्ने आवश्यकता औँल्याए ।
प्रेस काउन्सिल आम सञ्चार माध्यमको न्यायालय हो भन्ने मान्यता स्थापित हुनुपर्नेमा मन्त्री खरेलले जोड दिए । उनले भने, 'पछिल्लो समय विज्ञान र प्रविधिको विकाससँगै कानुनलाई परिवर्तित अवस्था अनुरुप अघि बढाउन नसक्दा अनेक चुनौती खडा भएको छ । सामाजिक सञ्जालमा जे-जस्ता मिथ्या, गलत, घृणाजन्य सूचनामार्फत एक अर्कालाई गाली-गलौज, बादप्रतिवाद र आक्रमण गर्ने कार्यले सम्पूर्ण राज्यको संयन्त्र चिन्तित हुनुपर्ने अवस्था छ ।'
मन्त्री खरेलले नेपालमा दर्ता भएका सामाजिक सञ्जालको नियमन गर्ने सन्दर्भमा सचेतनामूलक सन्देश दिने सामग्री प्रसारण गर्न काउन्सिललाई सुझाव दिए ।
उनले काउन्सिललाई कस्तो खाले जनशक्ति र उपकरण आवश्यक परेको छ र कसरी काम गर्दा सामाजिक सञ्जाललाई नियमन गर्न सहज हुन्छ त्यसको यकिन गरी तत्काल कार्यदल बनाएर काम गर्न पनि सुझाव दिए ।

# एसएनजेडीद्वारा ३ सय बाढीपीडित परिवारलाई राहत वितरण



झापा(प्रस) । असोज १८ र १९ गते परेको लगातार वर्षाले झापा गाउँपालिकाका विभिन्न बस्तीहरूमा आएको बाढीबाट अति प्रभावित क्षेत्रका घरपरिवारहरूलाई शनिवार पनि राहत वितरण गरिएको छ । Lutheran World Federation LWF Nepal को आर्थिक सहयोगमा, जिल्ला विपद् व्यवस्थापन समिति झापा र झापा गाउँपालिकासंगको समन्वयमा न्याय तथा विकासका लागि सामाजिक सञ्जाल (Sn–jd Jhapa)ले ३०० घरपरिवारका लागि राहत सामग्री वितरण गरेको हो । प्रति घरपरिवार २५ केजी चामल, २ केजी मुसुरी दाल, २ केजी नुन, १ केजी सोयाबिन, १ लिटर सूर्यमुखी तेल, २ वटा कम्बल र २ वटा म्याट हस्तान्तरण गरिएको हो ।
उक्त सामग्रीहरू जिल्ला प्रशासन कार्यालय झापाका विपद् फोकल पर्सन तथा सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौला, झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौला र SN–JD का अध्यक्ष सोमनाथ भट्टराई, सचिव हेमकुमार गणेशलगायतको उपस्थितिमा औपचारिक रूपमा गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो ।
हस्तान्तरणपश्चात् ती सामग्रीहरू इलाका प्रहरी कार्यालय कुमरखोदको कार्यालयबाट बाढीप्रभावित घरपरिवारहरूलाई नेपाली सेनाको श्री अरिदमन गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी, झापा गाउँपालिका तथा वडा कार्यालयहरूको सहजीकरणमा वितरण गरिएको थियो ।
यसअघि, गत असोज २२ गते, "एकका लागि एक अभियान" सँगको समन्वयमा ५० घरपरिवारलाई समेत सहयोग उपलब्ध गराइएको थियो ।
उक्त मानवीय सहायताको कार्यमा सक्रिय रूपमा योगदान पुऱ्याउने सबै सरोकारवाला निकायहरू, सुरक्षाकर्मीहरू तथा SN–JD का स्वयंसेवकहरूप्रति संस्थाले धन्यवाद ज्ञापन गरेको संस्थाका कार्यक्रम संयोजक कुमार चुडालले बताए । शनिवार चौथो दिन ७२७ घरधुरीलाई राहत वितरण गरिएको छ । वडा नं १ को सालमारा ,रसुनगंज र सितुमारीका १५८ घरधुरीलाई ,त्यसैगरी वडा नं २ को कुवाडी २०९, कामातवस्ती ८९ , वालुवाटार १०७,हवल्दारवस्ती ६१, नरिवलटोला ९२ र लेङ्गालीटोल ११ गरी ७२७ घरपरिवारलाई राहत वितरण गरिएको हो । अहिलेसम्म जम्मा २२३५ घरधुरीले राहत पाएका छन् भने अझ ११९७ घरधुरीलाई राहत वितरण गर्न बाँकी छ । झापा गाउँपालिकामा ३४३२ घरधुरी बाढीबाट प्रभावित भएका छन् ।


# जेनजीलाई महावीरको यस्तो छ सुझाव

झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले गुटबन्दी र खुट्टा तानातान नगर्न जेनजी पुस्तालाई आग्रह गरेका छन् । सामाजिक सञ्जालमार्फत उनले गुटबन्दी र खुट्टा तानातानले अझ धेरै नोक्सान हुने दृष्टान्त पेस गरेका छन् ।

नेपालमा विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन र सो क्रममा उत्पन्न भएको समस्या केलाउँदै उनले इतिहासबाट पाठ सिक्न आग्रह गरेका हुन् ।
इतिहास हेरेर जेनजीहरुले पाठ सिक्न अनुरोध छ। तपाईंहरू भनेको एउटा निश्चित उमेरको युवाहरूको समूह हो । तपाईंहरूको राजनीतिक सङ्गठन छैन। तपाईंहरूले देशमा सुशासन ल्याउन चाहनुहुन्छ र भ्रष्टाचार निर्मूल पार्न चाहनु हुन्छ। अनि तपाईंहरूले नेपाललाई एउटा समृद्ध देश बनाउने सपना देख्नु भएको छ। यो सपना पुरा गर्नको लागि तपाईंहरूमा एकताको अत्यन्तै खाँचो देखेको छु। किन भने तपाइहरू बिचमा पनि गुटबन्दी र खुट्टा तानातान गर्ने प्रवृत्ति हाबी हुँदैछ, पुनले लेखेका छन् ।

मातृभूमिको अस्तित्वको लागि नेपालमा गुटबन्दी र खुट्टा तानातानको इतिहास नदोहोर्याउनु पनि उनले आग्रह गरेका छन् ।

# अर्जुनधारामा लडेर एकजनाको मृत्यु



झापा(प्रस) । झापाको अर्जुनधारामा लडेर एकजनाको मृत्यु भएको छ । आइतवार दिउँसो १२:३० बजे अर्जुनधारा ५ कन्चनबारीस्थित भित्री कच्ची सडकखण्डको किनारामा इलाम फिक्कल कन्याम घर बताउने मिस्त्री काम गरी हिड्ने बर्ष अन्दाजी ३५ का चन्द्र लाप्चा लडेर मृत अवस्थामा फेला परेका हुन् ।
स्थानीयले खबर गरेपछि कानुनी प्रकृया तथा थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट टोली गएको प्रहरीले जनाएको छ ।


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेका चल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने सात (७) दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८२/०६/२७

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुलउपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरि लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ दिनभित्र यस बैंकमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट कर्जा असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

तपशिलः

<table>
<tr><td colspan="3">शाखा कार्यालय : बिराटनगर</td><td colspan="3">कर्जा शिर्षक : व्यावसायिक कर्जा ।</td></tr>
<tr><td colspan="6">ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते विवरण</td></tr>
<tr><td colspan="6">ऋणी : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७८/०४/२६ मा दर्ता नं. २६७५५३/०७८/०७९ अन्तर्गत रजिष्टर्ड दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ्ग जिल्ला, कटहरी गा.पा., वडा नं. १ भई हाल सोही स्थान स्थित विराट गंगा पेट एण्ड वेभरेज प्रा.लि. ।</td></tr>
<tr><td colspan="6">धितो सुरक्षणको विवरण : विराट गंगा पेट एण्ड वेभरेज प्रा.लि.को नाममा मालपोत कार्यालय, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, केराबारी गा.वि.स/न.पा वडा नं. ४ स्थित कि.नं. ७०८ को क्षेत्रफल ०-४-० (बि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td colspan="2">१. संचालक / व्यक्तिगत जमानीकर्ता :<br>नाम : पेशल आचार्य<br>बाबु : जय प्रसाद आचार्य<br>बाजे : चम्पाखर आचार्य<br>ना.प्र.नं. : ६९८६–२४८ (जारी मिति : २०५९/०२/१५, मोरङ्ग)<br>ठेगाना : मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ४ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने ।</td><td colspan="2">२. संचालक / व्यक्तिगत जमानीकर्ता :<br>नाम : नबिन भट्टराई<br>बाबु : बलराम शर्मा भट्टराई<br>बाजे : प्रेमराज शर्मा भट्टराई<br>ना.प्र.नं.: १०४१८–२२५ (जारी मिति : २०५७/०८/०९, मोरङ्ग)<br>ठेगाना : मोरङ्ग जिल्ला सोराभाग गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ५ बस्ने ।</td><td colspan="2">३. संचालक / व्यक्तिगत जमानीकर्ता :<br>नाम : राजेश खनाल<br>बाबु : भेषराज खनाल<br>बाजे : धर्मानन्द खनाल<br>ना.प्र.नं.: ०६–०१–७३–००८४४ (जारी मिति : २०७३/०१/२७, सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. १० भै हाल सोहि स्थानमा बस्ने ।</td></tr>
</table>

शर्तहरुः–

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533664 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग



## रेविजः तथ्य बुझौं, त्रसित नहोऔं ।

रेविजः कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

यसबाट बच्नः

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,
- रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड






कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

## सम्पादकीय

# निर्वाचनमा भाग लेऊ

**आन्दोलनबाट बनेको अन्तरिम सरकार राजनीतिक दलका नेताहरूबीच शुकवार औपचारिकरूपमा संवाद आरम्भ भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलको अग्रसरतामा भएको यस बैठकले पारस्परिक विश्वास र संवादको ढोका खोल्न सक्ने देखिन्छ । अब प्रधानमन्त्रीले यसलाई निरन्तरता दिनु उचित हुनेछ ।**
**आन्दोलनका नाममा राजनीतिक दलका नेताहरूप्रति व्यक्तिगत र भौतिकरूपमै आक्रामक भएपछि उनीहरूमा सरकार र आन्दोलनकारीप्रति अविश्वास तथा आक्रोश हुनु अस्वाभाविक होइन । यता सरकारका केही मन्त्रीहरू र आन्दोलनकारीका नेताका रूपमा देखिएकाहरूले पुराना दल र तिनका नेताप्रति गरेको कटाक्षले पनि अविश्वासको वातावरण बनाएको छ ।**

**उता अन्तरिम सरकारको मुख्य कार्यभार फागुनमा प्रतिनिधि सभाको निर्वाचन गराउने हो । यस्तै, आन्दोलनको दमन तथा विध्वंशको छानबीन तथा भ्रष्टाचारको छानबिन गरी भ्रष्टहरूमाथि कारबाही गर्ने प्रबन्ध मिलाउने पनि सरकारको कार्यादेश हो । दमन र विध्वंसको छानबिन गर्न न्यायिक आयोग गठन भइसकेको छ ।**

**यसैले सरकारको ध्यान निर्वाचनको तयारीमा जानु आवश्यक र उचित नै हो । निर्वाचनका लागि निर्वाचन आयोगका साथै राजनीतिक दलहरू पनि तयार हुनु अपरिहार्य हुन्छ । परामर्शै नगरी निर्वाचन कार्यक्रम प्रकाशित गरिएपछि बिच्चिएका राजनीतिक दनका नेताहरूलाई विश्वासमा लिन यस्तो संवाद आवश्यक थियो ।**

**अहिले सबैले ध्यान दिनुपर्ने विषय प्रतिनिधि सभाको निर्वाचन गरी देशमा जनताका प्रतिनिधिको शासन पुनः फर्काउनु नै हो । अहिले खण्डित देखिएको विधि र प्रक्रियालाई आफ्नै ठाउँमा नफर्काउँदासम्म देशमा लोकतन्त्रमात्र होइन शासन व्यवस्था पनि विधिवत् कायम हुन सक्दैन ।**

**निर्वाचनका निम्ति वातावरण बनाउनु सरकारको मात्र नभएर लोकतन्त्रको स्तम्भका रूपमा रहेका राजनीतिक दलका नेताहरूको पनि हो । यसैले अब राजनीतिक दलका नेताहरूले सत्ता गुमेको कुण्ठा आन्दोलन र सरकारमाथि पोखेर समय खेर फाल्नु देश, लोकतन्त्र र स्वयं दलहरूकै निम्ति पनि प्रत्युत्पादक हुनेछ ।**

**सरकार र दलका नेताहरूबीच संवाद सुरु भएको छ । यसलाई अब प्रधानमन्त्रीले निरन्तरता दिनुपर्छ । संवाद जति छिटो र सार्थक हुन्छ विश्वासको वातावरण पनि उति नै बन्दै जान्छ । अवरुद्ध संवादको गाँठो फुकाएर राष्ट्रपति पौडेलले पुनः अभिभावकीय दायित्व पूरा गरेका छन् ।**

**कम्तीमा अन्तरिम कालसम्म राष्ट्रपति पौडेलले सरकार र दलहरूमाथि निगरानी गरिरहनु पनि जरुरी देखिन्छ । देशलाई लोकतन्त्रको बाटामा फर्काउन आन्दोलनकारीले पनि संयम देखाउनुपर्छ । देशका अन्तिम निर्णयकर्ता जनता भएकाले शक्तिका आधारमा निर्णय थोपर्ने दुस्साहस कसैले पनि नगरून् ।**




# निर्वाचन, सूचना र साइबर सुरक्षा



• डा.जानकीकुमारी तुलाधर

गत भदौ २३ र २४ गते 'जेनजी' उमेर समूहका युवाको प्रदर्शनपछि विकसित राजनीतिक घटनाक्रम र नवगठित सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन मिति तोकेको छ। तोकिएको मितिमा आफ्नो जिम्मेवारी पूरा गर्ने निर्वाचन आयोगको दायित्व हो ।

आयोगले निर्वाचन व्यवस्थापनका क्रममा सूचना प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई संवेदनशील ढङ्गबाट व्यवस्थापन गर्नुपर्ने छ । नेपालमा सामाजिक सञ्जाललाई सूचना प्राप्तिको मुख्य स्रोत बनाउने जनसंख्या ठुलो छ। सामाजिक सञ्जालमा आएका सूचना सामग्रीको सत्यता पर्गेल्ने कार्य त्यति सहज छैन। पछिल्लो समयमा तीव्र गतिमा विकास भइरहेको कृत्रिम बौद्धिकताले सिर्जना गर्ने गहिरो भ्रम एक यस्तो तरिका हो, जसबाट श्रव्यदृश्य सामग्री उत्पादन गरी सोको प्रयोगमार्फत विद्यमान तस्बिर, आवाज र भिडियोको मिश्रणबाट द्वेषपूर्ण दुष्प्रचार र भ्रामक सूचना तयार पार्ने गरिन्छ ।

आयोगले विसं २०७४ देखि सामाजिक सञ्जालको प्रयोग गरी मतदाता शिक्षा प्रदान गर्न सुरु गरेको थियो । आयोगबाट सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति-२०७७ पनि कार्यान्वयन भइरहेको छ। सामाजिक सञ्जाल आधुनिक प्रविधिमा आधारित दोहोरो सञ्चार गर्न सकिने माध्यम भएकाले निर्वाचन प्रक्रिया प्रभावकारी, वैधानिक र विश्वसनीय बनाउन यसको भूमिका महत्वपूर्ण हुन्छ। सामाजिक सञ्जालका माध्यमद्वारा विशेषतः युवा तथा दुर्गममा रहेका मतदातालाई निर्वाचनको सूचना प्रदान गर्न, गुनासो सुनुवाइ तथा निर्वाचनमा जनसहभागिता अभिवृद्धि गराउन सकिन्छ। सामाजिक सञ्जालले निर्वाचन व्यवस्थापन निकायलाई आमनागरिकसँग दोहोरो संवाद गर्ने मञ्च प्रदान गर्ने छ ।

निर्वाचन व्यवस्थापनका लागि सामाजिक सञ्जालको भूमिका जति सकारात्मक छ त्यति नै यसका चुनौती पनि रहेका छन् । सामाजिक सञ्जालमा सम्प्रेषण हुने सूचना सामग्री प्रयोगकर्ताको निजी विचार हुने र यसको सम्पादन वा सेन्सर गर्न सकिने अवस्था नरहेकाले निर्वाचन व्यवस्थापनसम्बन्धी कुनै एक मात्र गलत सूचना प्रवाह भएमा यसले निर्वाचनको समग्र प्रक्रियामाथि नै प्रश्नचिह्न खडा गर्न सक्छ। समान्यतया निर्वाचनको समयमा सामाजिक सञ्जालबाट मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति, अपव्याख्या, विदेशबाट समेत सहज पहुँच हुने हुँदा वैदेशिक प्रभाव, नकारात्मक टिप्पणी, झुटो साइट र एकाउन्ट, बोट्स, क्लिक बोएट्स, गहिरो भ्रम, आर्टिफिसियल इन्टेलिजेन्सको गलत प्रयोग, निन्दा वा मान हानि जस्ता क्रियाकलाप हुने गरेका छन् ।

**साइबर सुरक्षा, मिथ्या सूचना र हाइब्रिड खतरा**

पङ्क्तिकारले गत मे २४ देखि जुन १ तारिखसम्म अस्ट्रेलियाको परराष्ट्र तथा व्यापार मन्त्रालय (डिफ्याट) ले आयोजना गरेको 'क्यानबेरा फेलोसिप कार्यक्रम' सहभागी हुने अवसर पाएको थियो । 'साइबर सुरक्षा, मिथ्या सूचना र हाइब्रिड खतराहरू' विषयमा केन्द्रित उक्त फेलोसिप कार्यक्रममा नेपाली प्रतिनिधि मण्डलले अस्ट्रेलियाका सरकारी निकाय, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसँग 'साइबर सुरक्षा, मिथ्या सूचा र हाइब्रिड खतराहरू' सम्बन्धी विषयमा गहन अन्तर्क्रिया गरेको थियो ।

नेपाली प्रतिनिधि मण्डलमा पङ्क्तिकार, नीति अनुसन्धान प्रतिष्ठानकी सदस्य इन्द्रकुमारी अधिकारी, नेपाल 'इन्स्टिच्युट फर इन्टरनेसनल कोअपरेसन एन्ड इन्गेजमेन्ट' का कार्यकारी निर्देशक डा. प्रमोद जैसवाल, 'सेन्टर फर सोसियल इनोभेसन एन्ड फोरजिन पोलिसी' का निर्देशक अजयभद्र खनाल, त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक लेखनाथ पाण्डे र 'युथ इनोभेसन ल्याब' का कार्यकारी निर्देशक प्रदीप खतिवडा सहभागी थियौँ ।

क्यानबेरा फेलोसिप कार्यक्रमका क्रममा पङ्क्तिकारले विश्वका देशहरू डिजिटल चुनौतीसँग कसरी जुधिरहेका छन् र ती चुनौतीलाई पार लगाउने उपाय कसरी अपनाइरहेका छन् भन्ने बारेमा जानकारी लिने अवसर पाएको थियो। निर्वाचन व्यवस्थापनका क्रममा सामाजिक सञ्जालमार्फत हुन सक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन, फैलिने सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति अनुगमन गर्न आयोगका तर्फबाट भएका प्रयासलाई अझ बढी प्रभावकारी र प्रविधिमैत्री बनाउन गर्नुपर्ने कार्यका बारेमा पनि जानकारी लिने अवसर प्राप्त भएको थियो । साइबर सुरक्षा र दुष्प्रचारसम्बन्धी अस्ट्रेलियाली विज्ञसँगको छलफल सुरक्षा र अधिकारबिच सन्तुलन कसरी कायम गर्ने भन्ने प्रश्न निकै पेचिलो बनेको थियो ।
अस्ट्रेलियाको परराष्ट्र तथा व्यापार मन्त्रालयको साइबर सुरक्षा डिभिजनले अस्ट्रेलियाको बहुस्तरीय साइबर रणनीतिको अवलोकन गराएको थियो । स्वास्थ्य, 'टेलिकम्युनिकेसन' र वित्तीय क्षेत्रका ठुला साइबर घटनाबाट अस्ट्रेलियाले सिकेका पाठ, 'ई-सेफ्टी प्रोग्राम' को सफलता, र 'डिपफेक रेगुलेसन' सम्बन्धी बहसमा सहभागी हुँदा साइबर सुरक्षा प्राविधक विषय मात्र नभएर नैतिक संरचना पनि रहेछन् भन्ने अनुभूति भयो ।

अस्ट्रेलियन इलेक्ट्रोरल कमिसनका प्रतिनिधसँगको छलफल सान्दर्भिक र उपयोगी रह्यो । उनीहरूले १३ वटा भाषामा सञ्चालन गरिएको डिजिटल साक्षरता अभियान, मिथ्य सूचना ट्र्याकिङ प्रणाली र मतदान सुरक्षाका लागि संयोजित भौतिक-डिजिटल सुरक्षा उपायका बारेमा जानकारी दिएका थिए । यी अभ्यासहरूले नेपालको निर्वाचन सुरक्षालाई प्रविधिमैत्री र बलियो बनाउन सक्ने दृष्टान्त प्रस्तुत गरेका थिए । यसै गरी एबिसी भेरिफाइका पत्रकारले तथ्य जाँचमा प्रयोग हुने 'ओपन सोर्स इन्टेलिजेन्स' उपकारणहरू देखाएका थिए । उनीहरूले मिथ्या सूचनाको 'खण्डन' गर्नुभन्दा त्यसको मूल स्रोत पत्ता लगाउन सकियो भने नागरिकलाई मिथ्या सूचनाबाट टाढै रहन सक्षम बनाउन सकिने तर्क प्रस्तुत गरेका थिए ।

सामाजिक सञ्जालका माध्यमबाट कसैले आफ्नो फाइदाका लागि हुँदै नभएको कार्य वा उक्त विषयका सम्बन्धमा बढाई चढाई सूचना तयार तथा प्रकाशन गर्नुलाई मिथ्या सूचना प्रवाह भनिन्छ । यस्तो सूचना प्रवाह गर्ने व्यक्तिले त्यस्तो कार्य भए गरेको हो भन्ने जसरी प्रस्तुत गर्ने र उक्त सूचना पाउने व्यक्तिले त्यसको पुस्ट्याइँ नगरी जस्ताको तस्तै बुझ्ने हुनाले मिथ्या सूचना प्रवाह र प्रपोगान्डा सामाजिक सञ्जालमा भाइरल हुने गरेको पाइन्छ । सामाजिक सञ्जालमा हुने यस्ता मिथ्या सूचना प्रवाह कानुनी व्यवस्थाका विरुद्ध हुनुका साथै यसले आम नागरिकमा गहिरो भ्रम सिर्जना गर्न सक्ने हुनाले सामाजिक सञ्जालको उपयोग गर्दा मिथ्या सूचना प्रवाहबाट पर्ने नकारात्मक प्रभावलाई केकसरी व्यवस्थापन गर्ने भन्ने विषयमा सरोकारवाला सबै पक्षले गम्भीर भएर ध्यान दिनु पर्छ ।
निर्वाचनका बेला सामाजिक सञ्जालमा प्रवाह हुने गलत सूचना सामग्रीले मतदातामा भ्रम सिर्जना गर्ने, अनधिकृत सूचना प्रदान गर्ने, उम्मेदवारको चरित्र हत्या गर्ने, निर्वाचन प्रक्रियाको मर्यादा र निर्वाचन व्यवस्थापन निकायको विश्वसनीयतामाथि जोखिम सिर्जना गर्न सक्छ । यस्तो सूचना सामग्रीलाई तत्कालै व्यवस्थापन गर्न उपयुक्त कदम चाल्नुपर्ने हुन्छ ।

निर्वाचनमार्फत जनताले कुन दल वा उम्मेदवारलाई विजयी बनाउने भन्ने निर्णय गर्छन् । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगमार्फत आममतदातामा गलत, मिथ्या वा झुटा सूचना प्रवाह गरी आफ्ना पक्षमा ल्याउनका लागि दल तथा उम्मेदवारलगायत तिनका शुभेच्छुक, समर्थक र कार्यकर्ताले सामाजिक सञ्जालको गलत प्रयोग गर्न सक्छन् । मिथ्या सूचनाले आम मतदाताको अभिमतलाई मात्र नभई निर्वाचनको निष्ठामा पनि असर पुऱ्याउने खतरा हुन्छ। लोकतान्त्रिक शासन पद्धति सुदृढ र प्रभावकारी हुनका लागि सुसूचित जनमतको अहम् भूमिका हुन्छ ।

आयोगले निर्वाचनमा मिथ्या सूचना प्रवाहलाई निरुत्साहित गर्न सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी नीति, रणनीति तथा आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गर्दै आइरहेको छ। सामाजिक सञ्जाल अनुगमन तथा नियमनका लागि स्रोतसाधन र अधिकारसहित आवश्यक संयन्त्र तयार गरी क्रियाशील तुल्याउनुपर्ने छ। भ्रामक, मिथ्या सूचना प्रवाह तथा अपव्याख्याको स्रोत पहिचान गरी आवश्यक कारबाही गर्न स्पष्ट कानुनी व्यवस्था गरिनु पर्छ ।

निर्वाचनमा सबै सामाजिक सञ्जालमा के के भइरहेको छ भन्ने विस्तृत जानकारी राख्न सम्भव हुँदैन । सामाजिक सञ्जालका मञ्चहरूमा के कस्तो सूचना वा सामग्रीलाई नियमन गर्ने र त्यसको खोजी कसरी गर्ने भन्ने विषयको निर्णय गर्नु नै सामाजिक सञ्जाल अनुगमनको महत्वपूर्ण चुनौती हो । यसका लागि स्थानीय परिवेश तथा मानिसहरूको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी बानी व्यवहारका बारेमा राम्रो जानकारी हुनु आवश्यक हुन्छ ।

विसं २०७९ मा भएका तिनै तहका निर्वाचनमा आयोगले सामाजिक सञ्जालमा पोस्ट भएका मिथ्या तथा गलत सूचना सामग्री हटाउन सम्बन्धित सामाजिक सञ्जालका मञ्चहरूसँग सहकार्यसमेत गरेको थियो। सामाजिक सञ्जाल दुरुपयोगका विषयलाई आयोगले निर्वाचन कानुन तथा आचारसंहितामा समावेश गरेर कार्यान्वयन गर्दै आएको छ । मिथ्या तथा भ्रामक सूचना सामग्री पहिचानका लागि सर्वसाधारणलाई सचेतना जगाउने तथा सही सूचना सम्प्रेषणका लागि निर्वाचनका सरोकारवाला सम्पूर्ण पक्षको सकारात्मक अग्रसरता आवश्यक पर्छ ।

# प्रविधिमैत्री सेवा प्रभावकारी



• कुमार अभिनव

नेपाल हाल बहुआयामिक सङ्कटको सामना गरिरहेको छ। आर्थिक मन्दी, सामाजिक अस्थिरता, प्राकृतिक विपत् र जेनजी आन्दोलनका कारण सरकारी पूर्वाधारमा गम्भीर क्षति पुगेको छ। कार्यालयहरूमा भएको आगजनी र तोडफोडले सेवा प्रवाह अवरुद्ध मात्र गरेको छैन, कर्मचारी सुरक्षामाथि समेत गम्भीर प्रश्न उठाएको छ। यस्ता जटिल परिस्थितिहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न अब सरकारले डिजिटल कार्य प्रणालीलाई अविलम्ब अपनाउनु अपरिहार्य भइसकेको छ ।

डिजिटल रूपान्तरण भन्नाले कुनै संस्था, निकाय वा सरकारको पारम्परिक कार्य प्रणालीलाई डिजिटल प्रविधिको प्रयोगमार्फत आधुनिक, लचिलो र प्रभावकारी बनाउने प्रक्रिया हो। यसले केवल कागजलाई कम्प्युटरमा राख्ने काम मात्र होइन, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, डेटा सुरक्षादेखि नीति निर्माणसम्मको सम्पूर्ण प्रणालीलाई प्रविधिमैत्री बनाउने उद्देश्य राख्छ ।

विश्वका ठुला कम्पनीले कार्यस्थलमा डिजिटल र लचिलो मोडेलहरू (वर्क फ्रम होम, हाइब्रिड मोडेल) सफलतापूर्वक अपनाएका छन् । विश्वको तथ्याङ्क अनुसार, विश्वका करिब २८ प्रतिशत कर्मचारी पूर्ण रूपमा अनलाइन काम गर्छन् भने ६३ प्रतिशत कम्पनीले हाइब्रिड मोडल अपनाएका छन् । यी मोडेलहरूले लागत घटाउनुका साथै काममा लचकता, समयको उपयोग र उत्पादकत्वसमेत बढाएका छन् । नेपाल जस्तो भौगोलिक रूपमा चुनौतीपूर्ण र सामाजिक रूपमा संवेदनशील देशमा यस्ता डिजिटल मोडेलहरू अझै बढी सान्दर्भिक छन् तर दुर्भाग्यवश, अहिले पनि अधिकांश सरकारी सेवा प्रणाली कागजी प्रक्रियामा आधारित छ ।

नेपालमा हरेक वर्ष बाढी, पहिरो, भूकम्प जस्ता विपत् आउँछन् । यस्तो अवस्थामा कर्मचारीहरूको कार्यालय उपस्थिति बाधित हुनु स्वाभाविक हो तर त्यसले सेवा प्रवाह रोकिनु हुँदैन । यस्तो चुनौतीपूर्ण परिस्थितिमा पनि सेवा प्रवाह निरन्तर राख्न डिजिटल प्रणालीको प्रयोग अत्यन्त आवश्यक छ। डिजिटल माध्यमबाट कर्मचारीहरूले घरबाटै सुरक्षित रूपमा कार्य गर्न सक्ने वातावरण सिर्जना गर्न सकिन्छ, जसले सेवा निरन्तरता सुनिश्चित गर्नुका साथै प्रशासनिक कार्यहरू समयमा सम्पन्न गर्न सहयोग पुऱ्याउँछ ।

कोरोना महामारीको समयमा नेपाल सरकारले केही डिजिटल प्रणाली अस्थायी रूपमा लागु गरेको थियो। 'अनलाइन फाराम,' 'भर्चुअल मिटिङ' र घरबाट काम गर्ने अभ्यास प्रभावकारी साबित भएका थिए तर महामारीपछिका दिनमा ती प्रणालीहरूलाई संस्थागत गर्न सरकार असफल रह्यो। यदि त्यसबेला विकास गरिएका प्रणालीलाई दीर्घकालीन बनाइएको भए अहिलेको जस्तो सङ्कटमा सरकारी सेवा प्रभावित हुने थिएन। नेपालका धेरै सरकारी निकायमा अझै पनि परम्परागत कार्यशैली हाबी छ। सचिव, कार्यालय प्रमुख, विभाग प्रमुखलगायत नेतृत्व तहका व्यक्तिहरूले कामको परिणामभन्दा पनि उपस्थितिलाई प्राथमिकता दिने प्रवृत्ति देखिन्छ। यसले कार्यालयहरूमा चापलुसी संस्कृतिलाई संस्थागत रूप दिएको छ, जसले दक्ष, इमानदार र नवप्रवर्तनशील कर्मचारीको उत्प्रेरणा क्षीण पारिरहेको छ ।

डिजिटल रूपान्तरण केवल प्रविधि प्रयोगको कुरा मात्र होइन, कार्यसंस्कृतिमा पनि आमूल परिवर्तनको आवश्यकता हो । यसका लागि नेतृत्व तहका पदाधिकारीहरू स्वयम् 'आइटीमैत्री' बन्नु अत्यावश्यक छ। उनीहरूबाटै लचिलो, प्रभावकारी र नतिजा आधारित कार्य संस्कृतिको अभ्यास सुरु हुनु पर्छ। यसै सन्दर्भमा अब सबै मन्त्रालय, विभाग तथा कार्यालयहरूको डिजिटल तत्परता, प्रविधि प्रयोग र सेवा प्रभावकारिताको आधारमा मूल्याङ्कन गरी बजेट वितरण गर्नुपर्ने समय आएको छ। जुन कार्यालयले डिजिटल माध्यमबाट जनसेवा प्रभावकारी बनाइरहेका छन्, तिनीहरूलाई थप बजेट, स्रोत र प्रविधिमा प्राथमिकता दिनु पर्छ। अर्कोतर्फ, जुन कार्यालयहरू अझै पनि हाजिरीमुखी, चापलुसी-आधारित र पुरानै प्रणालीमा अल्झिएका छन्, तिनलाई सुधारको लागि स्पष्ट समयसीमा र मूल्याङ्कन मापदण्ड तोक्नु पर्छ। यस प्रकारको प्रोत्साहन-दण्ड प्रणालीले प्रतिस्पर्धात्मक सुधार ल्याउने छ र सरकारी सेवा प्रणालीलाई दक्ष, पारदर्शी र नागरिकमैत्री बनाउने दिशामा अगाडि बढाउने छ।

हालैको आन्दोलनमा देशभरका सरकारी कार्यालयमा आगजनी हुँदा हजारौँ महत्वपूर्ण कागजातहरू नष्ट भए। रिपोर्ट अनुसार १७ वटा अदालतका अभिलेखहरू पूर्ण रूपमा जलेर नष्ट भएका छन्, जसले न्याय प्रक्रिया अनिश्चितकालसम्म पछाडि धकिएको छ। यदि ती सबै कागजात डिजिटल रूपमा सुरक्षित गरिएको भए डेटा सजिलै पुनः प्राप्त (री स्टोर) गर्न सकिन्थ्यो भने कुनै कम्प्युटर वा डिभाइस नष्ट भए पनि त्यो रिकभरी गर्न सकिन्थ्यो। यसको समाधान भनेको कागजरहित कार्यालय प्रणालीको स्थापना हो, जुन आजको युगमा अत्यन्त आवश्यक भइसकेको छ ।

संयुक्त राष्ट्रसंघको मापदण्ड अनुसार कुनै पनि सङ्कटमा सुरक्षा सर्वप्रथमको सिद्धान्त लागु हुनु पर्छ। नेपाल सरकारले प्रदान गर्ने सेवाहरू तीन प्रमुख श्रेणीमा विभाजन गर्न सकिन्छ। पहिलो, प्रत्यक्ष रूपमा नागरिकसँग संलग्न हुने कर्मचारी (जस्तै नागरिकता, सिफारिस, राहदानी दिने कर्मचारी)। दोस्रो, प्राविधिक वा प्रशासनिक कर्मचारी (जस्तै विश्लेषक, योजना निर्माता, लेखापाल, आइटी कर्मचारी) जसको कार्य सेवा प्रवाहको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ। तेस्रो, सुरक्षा निकाय, जसको कार्य क्षेत्रमा प्रत्यक्ष फिल्ड उपस्थिति अनिवार्य हुन्छ ।

विशेषतः दोस्रो श्रेणीका कर्मचारीहरूलाई घरबाट काम गर्न सजिलै सकिने भए तापनि अझै पनि उनीहरूलाई कार्यालय उपस्थितिमा जोड दिइएको छ। यदि यिनीहरूको काम डिजिटल प्रणालीमा रूपान्तरण गरिन्थ्यो भने एकातर्फ सेवा निरन्तरता कायम रहन्थ्यो। अर्कोतर्फ ती सेवाबाट सेवा शुल्कको माध्यमबाट सरकारलाई स्थायी आय आर्जन गर्न सकिन्थ्यो। हाल यो ई पासपोर्ट, कर तिर्ने ई फिलिङमा प्रणाली जस्ता उदाहरण सरकारकै डिजिटल आम्दानीका प्रमाण हुन्। यस्ता प्रणालीहरू विस्तार गरी जन्मदर्ता, जग्गा दर्ता, सिफारिस, ट्राफिक जरिबाना, डिजिटल अनुमति पत्र जस्ता सेवाहरू डिजिटल रूपमै प्रदान गरिएमा हजारौँ सेवाग्राहीबाट सहजै राजस्व सङ्कलन गर्न सकिने छ। त्यसैले सरकार अब डिजिटल प्रणालीलाई केवल सङ्कट समाधान होइन, राजस्व आर्जन र दिगो सेवा सुधारको माध्यमको रूपमा पनि स्वीकार गर्न आवश्यक छ ।

आजको डिजिटल युगमा मिडिया सम्पादन, डेटा विश्लेषण, लेखापालन, सूचना प्रविधि सहायता, प्रशासनिक समीक्षालगायत थुप्रै कार्य सहज रूपमा घरबाटै सम्पन्न गर्न सकिन्छ। यो अवस्था केवल मिडिया क्षेत्रका लागि मात्र होइन, योजना आयोग, लेखा शाखा, प्रशासन, सूचना प्रविधि विभागलगायतका सरकारी निकायहरूमा कार्यरत कर्मचारीहरूका लागि पनि लागु हुन्छ सरकारको ध्यान केवल हाजिरी वा उपस्थिति जाँचमा होइन, कार्यको प्रभावकारिता र कर्मचारीको सुरक्षामा केन्द्रित हुन आवश्यक छ ।

नेपाल सरकारले डिजिटल नेपाल अभियान ल्याएको करिब पाँच वर्षभन्दा बढी भइसकेको छ। सिंहदरबारमा कागजरहित प्रणालीको घोषणा गरिए पनि व्यवहारमा सरकारी कार्यालय अझै पुरानै शैलीमा चलिरहेका छन्। यसका लागि सरकारी अभिलेख अनिवार्य रूपमा डिजिटल रूपमा सुरक्षित गर्नुपर्ने आवश्यकता छ। साथै हाइब्रिड कार्य मोडेललाई नीति तहमै लागु गर्नु, सूचना प्रविधिमा ठोस लगानी गर्नु तथा कर्मचारीलाई डिजिटल सिपसम्बन्धी आवश्यक तालिम प्रदान गर्नु अत्यावश्यक देखिन्छ ।

सरकारी कामकाजमा डिजिटल प्रविधिको अभावले नागरिकले बारम्बार सेवा पाउँदा कठिनाइ भोग्नु परेको छ। सङ्कटको बेला मात्रै डिजिटल प्रणालीको चर्चा गरेर समाधान खोज्ने प्रवृत्तिले अब काम गर्दैन। सेवा प्रभावकारी, छिटो र सुरक्षित बनाउने एउटै उपाय भनेको डिजिटल प्रणाली हो। यसका लागि सरकारले कर्मचारीको सुरक्षालाई प्राथमिकता दिनु आवश्यक छ। लचिलो र आधुनिक कार्य प्रणालीलाई नीतिगत रूपमा लागु गर्दै, डिजिटल पूर्वाधार र जनशक्ति विकासमा दीर्घकालीन लगानी गर्नु पर्छ ।

# सत्ता र समाजको चरित्र

• प्रकाश अधिकारी

जुर्गेन हेबरमास फ्र्याङ्फर्ट स्कुलको दोस्रो पुस्ताका विचारकका रूपमा प्रतिष्ठित छन् । उनको विचारमा आजको प्रजातान्त्रिक, कर्मचारीतन्त्र र वैज्ञानिक संस्कृति प्रधान समाजमा स्वतन्त्र संवादले धेरै ठुलो महत्व राख्छ । यो संवादको आधार बुद्धिवाद हुनु पर्छ भन्ने उनको आग्रह छ । सत्ताको वैधता दुई स्तरमा प्राप्त गर्नु पर्छ । सर्वसञ्चित कोषबाट नियमित पघार खाने राष्ट्रसेवक वर्ग र व्यापक जनसमाज । यी दुई स्तरबाट चुनौती भएमा सत्ताको वैधतामा समस्या खडा हुन्छ । वैधताको समस्या सङ्कट बन्छ तब दुवै स्तरबाट सत्ताले वैधानिकता प्रमाणित गर्नुपर्ने अवस्था आइपर्छ ।

प्रत्येक समस्या सङ्कट हुँदैन । समस्या धेरै समयसम्म हल नगरी कचल्टिएर रह्यो भने सङ्कटको रूप लिन्छ । त्यसपछि त्यस्तो समस्या संरचनागत परिवर्तनद्वारा मात्र निप्टारा गर्न सकिन्छ। नेपाली लोकतन्त्र पनि आरम्भदेखि नै लगातार सङ्कटको सिकार भइरहेको देखिन्छ । समाज र अर्थव्यवस्थामा निकै ठुलो संरचनागत परिवर्तनका बाबजुद राजनीतिक व्यवस्था असङ्गतिमा रुमल्लिएको छ । राजनीतिक समस्याको समाधान समस्या उत्पन्न गर्ने कष्टप्रद सामाजिक स्थितिहरूको कारणको पत्ता लगाउनुमा निर्भर गर्छ । प्रत्येक समस्या अनेक कारणले हुन्छ तथापि त्यसको प्रमुख कारण, सहायक कारण र तात्कालिक सानो तर उत्तेजित गर्ने कारण पत्ता लगाउन सम्भव छ, जुन उक्त समस्याको उत्पत्ति र विकासका लागि जिम्मेवार हुन्छ ।

व्यवस्थामा सङ्कट खास गरेर त्यस बेला पैदा हुन्छ जब शासन गर्ने संस्थागत संरचनाहरू, अर्थव्यवस्था र समाजमा भएका संरचनागत परिवर्तनमा असङ्गति बढेर जान्छ । दलहरू आमरूपमा समूह र समुदायका अधकल्चा आकांक्षा राजनीतिक मुद्दामा रूपान्तरित गर्ने दत्तचित्त हुँदा निर्वाचन र अन्य लोकतान्त्रिक संस्थाहरू पूरा अवधि सरकार चलाउन योग्य जनवैधता उपलब्ध गराउन अक्षम रहन्छन् । यस्तो अवस्थामा निर्वाचनलाई केही सीमित वर्गले आफ्नो वैधतालाई सही ठहराउने माध्यमका रूपमा गरेको प्रयोग अपर्याप्त हुन्छ । सामाजिक परिवर्तनबाट निस्किएको तागत राजनीतिक प्रणालीलाई पनि तोड्न सक्ने तागत राख्छ भन्ने कुरा नेपालमा देखियो । नेपाली समाजमा यसले सङ्कटको रूप धारण गर्‍यो । मौजुदा प्रणाली टिकेको छ तर यसमा जीवन्तता शून्य भएको अवस्था हो ।

सत्तासीनले आफ्नो वर्ग र व्यापक जनसमुदाय, दुइटैको एकैसाथ वैधता हासिल गर्नु जरुरी हुन्छ । सत्ता नयाँ परिस्थितिसँग मुकाबला गर्न सक्दैन र नयाँ वैधता प्राप्त गर्नका लागि आफ्नो आधारलाई परिवर्तन गर्दैन, यस्तो अवस्थामा सामान्य वैधताको प्रक्रिया पनि निरर्थक हुन जान्छ । सत्ताको वैधता दाबी निप्टारा गर्ने निर्वाचन फगत एक मात्र अखडा बनेको छ । राजनीति पहिलाको भन्दा बढी स्पर्धात्मक भएर समाज दलीय विभाजन र 'सिन्डिकेट' को स्वरूपमा फैलिन गएको छ। परिवर्तनको अर्थ नबुझेको कारणले वा स्वीकार गर्ने इच्छा नभएका कारणले राजनीतिक नेतृत्वले संरचनात्मक परिवर्तन यात राजनीतिक जोडतोड भन्ठान्छन् वा कानुन व्यवस्थाको समस्या हो भनेर हलुका रूपले लिन्छन् । परिवर्तनका प्रति उचित राजनीतिक र आर्थिक अनुक्रिया (रेस्पोन्स) गर्नमा राजनीतिक नेतृत्वको असमर्थताले वैधता खिएर जान्छ र व्यवस्था प्रणालीगत सङ्कटमा फस्न पुग्छ ।

समाजमा भइरहेका परिवर्तनको सफल राजनीतिक प्रबन्धनका लागि एक स्थिर बहुलवादी राजनीतिक व्यवस्था अनिवार्य हुन्छ । समकालीन नेपालमा कुनै दलविशेषको एक दलीय वर्चस्व हुने प्रणालीको उदय वा एकमना बहुमत प्राप्त हुने सम्भावना देखिएको छैन । सङ्कटको स्रोत राज्यसत्ताद्वारा समाजमा भइरहेको परिवर्तनसँग तालमेल गर्न सक्ने असक्षमतामा निहित रहेको देखियो । असक्षमताका कारण सङ्कटको शमन राज्य व्यवस्थादेखि बाहिरबाट हुने गरेको छ । सार्वजनिक जीवनको दायराको संरचना र चरित्रमा आमूल परिवर्तन भइसकेको वर्तमानको यथार्थ हो । लोकप्रिय जनमतले सरकार गठन र बिघटन भइरहे पनि दलीय प्रणाली र नेपाली समाजको संरचनागत उहापोहबिच राजनीतिक तालमेल गर्ने नसकिरहेको प्रमाणित भयो । सरकार गठन र विगठन फगत तमाशा भएर रह्यो, आममानिसका लागि मनोरञ्जनको विषय भयो । कुनै पनि गठबन्धन सुचारु हुनका लागि राज्यतन्त्र अर्थव्यवस्थाका समस्या आधारभूत तरिकाले सुल्झाएर अर्थव्यवस्था राजनीति दबाबबाट मुक्त हुनुपर्ने तथा स्वायत्त एवं स्वतन्त्र हुनुपर्ने देखियो । दलीय र निर्वाचन प्रणालीलाई गैरदलीय र गैरचुनावी सङ्गठन र आन्दोलनले उछिनेको देखियो । समाजमा संरचनागत परिवर्तनको मागका कारण सतहमा आएका र व्यापक सार्वजनिक दायरामा विकसित भएका नयाँ किसिमका सङ्गठनले कसरी वैधता प्राप्त गर्छन् ?




संरचनागत परिवर्तनबाट निस्किएका तागतले मौजुदा दलीय व्यवस्थाको बाहिर गैरदल र गैरचुनावी सङ्गठन र आन्दोलनको राजनीति जन्म दिन पुगेको छ । अपराध र भ्रष्टाचार राज्यसत्ताद्वारा हल गर्न सकिने बाहिरी समस्या नरहेर सत्ताको आधार बन्नु यसको एउटा कारण हो । राजनीतिले एउटा कोर्स लिएपछि आर्थिक मुद्दा मूल मुद्दा भएर उजागर हुन्छ र यसले बाँकी सबै मुद्दा आफूमा निर्भर गराउँछ । यस्तो अवस्थामा असल इरादा र कानुनको बाबजुद राजनीति र दलीय व्यवस्थामा वास्तविक सुधार वा राजनीतिक वा आर्थिक सत्ताको विकेन्द्रीकरणको सच्चा प्रयास कमजोर कर्मचारीतन्त्रको स्तरसम्म मात्र हुँदा प्रणालीगत सङ्कट भयो । आर्थिक समस्या हल गर्नमा लगातारको असफलताले राज्यसत्ताको वैधताको दाबीलाई कमजोर पार्ने रहेछ । आर्थिक समस्या आफ्नो वा आफ्नो वर्गको हितलाई खतरामा नपारिकन हल हुन सक्दैन भन्ने सत्ताले महसुस गरेपछि आर्थिक मुद्दालाई राजनीतीकरण गरिने रहेछ । आफ्नो असमर्थता वा अनिच्छालाई छिपाउन सकियोस् भनी सार्वजनिक खपतको लागि वाक्पटुता र आडम्बर पूर्ण शब्दावलीको प्रयोग गरेर परिवर्तनको कुरा गरिन्छ । राज्य शक्तिको प्रयोक्ता राज्यका अङ्गहरू अनिश्चित र असीमित हुँदैन, सरकारसँग सीमित शक्ति हुन्छ । सरकारको उद्देश्य आमनागरिकका लागि काम गर्नु हो, कुनै विशेष वर्गका लागि होइन । राज्यले कसैलाई पनि हानिनोक्सानी पुर्‍याउँदैन । राज्यले हानिनोक्सानी नहुने गरी काम गर्नु पर्छ । राज्य कानुन दाता हो र बलियाले जे पायो त्यही नगरोस् भनी रोक्नका लागि कानुन बनाइएको हुन्छ ।

आधुनिक राज्यको उत्पत्ति र सरकार गठनको औचित्यका बारे प्रकाश पार्ने सबैभन्दा लोकप्रिय सामाजिक सम्झौताको सिद्धान्तबमोजिम जनताले आफ्ना केही स्वतन्त्रता परित्याग गरेर एक सङ्गठित समाजमा रहनका लागि सरकारलाई सत्ता सुम्पिएका हुन् र त्यसको बदलामा सरकारले उनीहरूको सुरक्षा र अधिकारको संरक्षण गर्नु पर्छ । सत्ता त्यस्तो शक्ति हो जो स्वीकृत, सम्मानित, ज्ञात एवं औचित्यपूर्ण हुन्छ (युनेस्को, १९५५) । सत्ताको अर्को अर्थ शक्ति प्रयोगको संस्थात्मक अधिकार हो, स्वयम् शक्ति होइन । सत्ताको देखिने रूप ('भिजिवल एक्टर') कार्यकारी हो, 'सपोर्टिङ कास्ट' मा धेरैथरी हुन्छन् । सत्ता राजनीति हो भने समाज कानुन हो । राजनीति कानुन अनुकूल हुनु पर्छ तर कानुन राजनीति अनुकूल हुनु हुँदैन ।

सत्ताधारी प्रभुवर्ग राज गर्ने वैधतालाई लिएर चिन्तित हुन्छ तर ऊ यसलाई सामाजिक संरचनामा परिवर्तनको आधारमा हासिल गर्न चाहँदैन, जबकि परिवर्तनको शक्ति सतहमा पहिलेदेखि नै सुषुप्त रूपले प्रस्फुटन भइरहेको हुन्छ । सत्ताधारीलाई यो कानुन र व्यवस्था दुरुस्त गर्ने सामान्य सवाल हो भन्ने विश्वास लाग्छ । दलभित्र गोलबद्ध मुखर वर्गको आकांक्षा तृप्त पार्न धेरैभन्दा धेरै नीति तर्जुमा गर्ने कुराको वकालत गरिन्छ तर यीबाहेक बाहिर रहेका सामाजिक-आर्थिक समूहलाई यस वर्गमा सामेल गरिँदैन, समेटिँदैन । परिणाम के हुन्छ भने सत्ता र सर्वसाधारण बिच खाडल लगातार बढेर जान्छ । उनीहरूलाई केवल सामाजिक र आर्थिक मात्र नभएर सांस्कृतिक स्तरमा पनि अलग अलग पारिन्छ । उनीहरू जीवनको सामान्य समझ वा तौरतरिकाको स्तरमा पनि सार्वजनिक जीवनसँग जोडिएनन् । यही कारण हो कि वैधता हासिल गर्ने आधार एकसाथ सत्ता र समाजलाई उचित लाग्न छाड्यो ।

विगतका थरिथरिका राजनीतिक र सामाजिक आन्दोलनहरूले समाजमा सामन्ती तत्वको हैसियत प्रत्यक्ष रूपले घटाएर सत्ताको नयाँ आधार तयार पारेको साँचो हो । समाजलाई दलीय उग्र राजनीतीकरणले समाजको भित्र एउटा नयाँ विभेदलाई जन्म दिन पुगेको छ । समयको परिवर्तनसँगै सर्वसञ्चित कोषबाट पघार खाने फौजी र निजामती एवं यी सरह राजनीतिकर्मीको एउटा नवीन वर्गको जन्म हुन पुगेको छ जो न समाजवादी हो न पुँजीवादी । जनजिब्रोमा यो वर्गलाई 'तरमारा' शब्दावलीद्वारा व्यङ्ग्य गरिन्छ । यो वर्गको उदयले समाजको प्रबल (डोमिनेन्ट) मूल्यमा परिवर्तन आएको छ । दृष्टान्तका लागि आधुनिक चिकित्सा विशेषज्ञ आफ्नो बिरामीलाई "म इलाज गर्छु, ठिक ईश्वरले पार्ने छन्" भन्छ । यसले के दर्शाउँछ भने उसलाई आफूले बिमारीको सही निदान गर्छु भन्नेमा विश्वास छैन बरु स्वयम्उपर आरोप लगाउनुको साटो ऊ ती तरिकाहरूको निन्दा गर्छ, जसमा उसको जीवन मूल्य विकसित गर्न सामाजिकीकरण भएको छ ।

विद्यमान बृहत् असन्तोष हाम्रो समाजमा बढिरहेको अनेक विरोधाभाषको परिणाम हो । केही विरोधाभाष यस प्रकार छन्, हाम्रो भूमिका त आधुनिक भइसक्यो किन्तु हाम्रो मूल्य अझै पनि परम्परागत छ; हामी समतावादी भएको देखाउँछौं परन्तु भेदभावको व्यवहार गर्छौं; हाम्रो आकांक्षा धेरै उच्च त भइसकेका छन् किन्तु त्यसको प्राप्तिका साधन यात उपलब्ध छैनन् या त पहुँच बाहिर छन् । हामी हाम्रो गणतन्त्र समानता ल्याउन लागि समर्पित छ भनेर दाबी गर्छौं तर यो नातावाद, आफन्तवाद र भाइभतिजावादको सिकञ्जामा जकडिएको छ; हामी तर्कशील भएको दाबी गर्छौं किन्तु हामी अन्याय र पक्षपातलाई भाग्यवादी भावनाले स्वीकार गर्छौं; हामी उदारीकरणको नीति घोषणा गर्छौं तथापि कार्य क्षेत्रमा अनेक नियन्त्रणहरू लागु गर्छौं; हामी आधुनिक भएको देखाउन व्यक्तिवाद समर्थन गर्छौं तर समूहवाद लागु गर्छौं । हामी आदर्शवादी संस्कृतिको उद्देश्य बनाउँछौं परन्तु भौतिकवादी संस्कृतिको पक्षधर हौं । अनेक नयाँ कानुन लागु गरिन्छ तर यी कानुनले आमनागरिकलाई लाभ पुर्‍याउँदैन, बिचका मानिसले फाइदा लिन्छन् । विधिविधान अनेक छन् तर न्याय थोरै । कार्यक्रम र सरकारी कर्मचारी भरमार छन् । जनसेवा र सेवा प्रवाह कम । योजना अनेकौं छन् परन्तु कल्याण कम; सरकारी क्षेत्र कम सरकारी तन्त्र अधिक छ तथा प्रशासन कम छ ।

(लेखक अधिकारी काठमाण्डौं जिल्ला न्यायाधीश हुन् ।)

# मेची खोलाको बगरमा सडेको शव फेला

झापा(प्रस)। मेची खोलाको बगरमा सडेको शव फेला परेको छ । आइतवार विहान अन्दाजी ८:४० बजे भद्रपुर वडा न.३ भैसाबारीस्थित मेची खोलाको किनारमा पहाडे मुलको जस्तो देखिने पुरुष सडेगलेको अवस्थामा मृत फेला परेका हुन् । अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी टोली खटिएर शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल पठाएको छ ।



# सूर्योदयका कर्मचारीको एक दिनको तलब बाढीपीडितलाई



झापा(प्रस)।इलामको सूर्योदय नगरपालिकाले यही असोज १८ गते आएको बाढीपहिरोपछि उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका कार्यमा नमुना काम गर्दै आएको छ । १९ गते बिहानैदेखि मुख्य मेची राजमार्ग खुलाउन लागेको नगरले हालसम्ममा नगरका १४ वटै वडाको क्षतिगस्त सडक खुलाइसकेको छ ।

नगरले नगर क्षेत्रभित्र मृत्यु भएका परिवारका सदस्यलाई दुई लाखका दरले आर्थिक सहयोग गरिसकेको छ भने ४० बढी विस्थापितलाई प्रारम्भिक चरणको राहत वितरण गरिसकेको नगरका विपद् फोकल पर्सन सिर्जन गदालले जानकारी दिए । नगरले तत्कालै प्रकोप व्यवस्था कोष स्थापना गरेको छ । बाढीपहिरो प्रभावितलाई सहयोग गर्नका लागि सुरुमा नगरका कर्मचारी, वडा कर्मचारी र स्वास्थ्यकर्मीले एक दिनको तलब बराबरको रकम कोषमा जम्मा गर्ने निर्णय गरेका थिए । नगरमा स्थायी र करार गरी २८० जना कर्मचारी छन् । सरदर एक हजारका दरले जम्मा हुँदा दुई लाख ८० हजार रकम कोषमा जम्मा भएको फोकल पर्सन गदालले जानकारी दिए ।

यस्तै नगरभित्र सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक र विद्यालय कर्मचारी गरी ५५१ जना छन् । सरदर एक हजारका दरले कोषमा रकम जम्मा हुँदा विद्यालय क्षेत्रबाट पाँचलाख ५१ हजार रुपियाँ जम्मा भएको छ ।

नगरको प्रकोप कोषमा निजी नम्बरी आवाधी(गोलिया) व्यवसायीले नगद एक लाख जम्मा गरेका छन् । यस्तै, छिपिटार टोल विकास संस्थाले नगद १० हजार जम्मा गरेको छ । सूर्योदयका एक व्यक्तिले नाम नखुलाउने सर्तमा नगद ५१ हजार जम्मा गरेका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## पशुपालनबाट...

हौसला दिनुपर्छ भन्ने उद्धेश्यका साथ उनी यो व्यवसाय शुरु गरेको बताउँछन् ।

बाखापालनकै आम्दानीले घरपरिवारको खर्च टारेर छोराछोरीलाई समेत शिक्षादिक्षा दिन सफल भएको उनको भनाइ छ । उनले यसैको आम्दानीबाट २४ वर्षीय छोरा दामोदरलाई पशु प्राविधिक बनाए । उनी पनि विदेश नजाने र स्वदेशमा बाबुलाई काम सघाएर कृषि कर्ममा नै रमाउने बताउँछन् । 'बाखापालनमा म कन्फिडेन्ट पनि थिए । कारण, मेरो विषय पनि 'भेटरेनरी प्राविधिक' जनावरसँग नै सम्बन्धित थियो', उनी थप्छन् । मेहेनत र लगन भएमा हामीले देखे, सोचे अनुसार कमाउन भने सकिने पनि उनले बताए । छोरी नमिताले कक्षा १२ को पढाइ सकेकी छन् ।

शुरुमा केही समस्या भए पनि पछिल्लो समय कृषि कर्ममा लागेका कारण आफूहरुले आय आर्जनको प्रमुख स्रोत बाखापालनसहित कृषिलाई बनाएको छोरा दामोदरको भनाई छ ।

बाखासहित गाई र कुखुरापालनबाट नै जीविकोपार्जन गरिरहेको बताउँछिन् उनकी श्रीमती कविता तिम्सिना । फार्म पनि उनले श्रीमतीकै नाममा दर्ता गरेका छन् । 'केही वर्षअघि जीविकोपार्जन गर्न कठिन थियो । पछिल्ला वर्ष बाखा, गाई कुखुरापालन गर्न थालेपछि दैनिक गुजारा चलाउन सजिलो भएको छ,' कविताले भनिन् एकवर्ष अघि पाँच माउँ ब्याउने बाखा सर्पले डसेर मरेपछि ६० हजार नोक्सान भयो ।'

'शुरुमा बाखा पाल्नका लागि खोर त्यति राम्रो थिएन । अहिले कोठासहित खोर बनाएकी छु । भविष्यमा अब बाखा पनि थप्ने सोच छ ' कविताले भनिन् । खोर राम्रो नहुँदा बाखा विस्तार गर्न नसकेको उनको भनाई छ । खोर राम्रो नहुँदा बेला-बेलामा बाखा मरेर सताउँथ्यो । अहिले तिम्सिना परिवारको मुख्य आयस्रोत नै बाखा, गाई र कुखुरापालन भएको छ । आफ्ना पशुमा कुनै समस्या भए स्थानीय सरकारले प्राविधिक सहयोग उपलब्ध गराउने गरेका कारण पनि व्यावसायिक बाखापालनमा किसानहरू लागेका हुन । पछिल्लो समय मेचीनगर नगरपालिकाले गाउँ गाउँमा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्सा । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ